# विजयनगर गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## खुरुहुरिया, कपिलवस्तु।

**<u>विजयनगर गाउँपालिकाको कर्मचारी व्यवस्थापन ऐन २०७८</u>**

गाउँसभाबाट स्वीकृत मितिः २०७८/०३/३०

प्रथम संसोधन मितिः २०७९।०३।२९

प्रस्तावनाः साविकको स्थानीय निकायमा सेवा प्रवेश गरी हाल सम्म स्थानीय तहमा कार्यरत तथा गाउँपालिका स्थापना भएपछि नियूक्त स्थायी अस्थायी तथा ज्यालादारी कर्मचारीहरुको समायोजन तह मिलान स्तरवृद्धि र बढुवा लगाएत सेवा सुविधा र वृत्तिविकासका विषयमा देखिएको अस्पस्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोवल उच्च गराउन कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले समायोजन ऐन २०७५ को दफा २३ मा भएको व्यवस्था बमोजिम स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा (१) बमोजिम विजयनगर गाउँसभाले यो ऐन बनाई लागु गरेकोछ।

**१. सक्षीप्त नाम र प्रारम्भः-**

(१) यस ऐनको नामः- विजयनगर गाउँपालिका कर्मचारी व्यवस्थापन ऐन, २०७८ हुनेछ।

(२) यो ऐन स्थानीय राजपत्रमा सूचना प्रकाशन भएपछि लागू हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) कर्मचारी भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी अस्थायी वा करारमा नियुक्त भई यो ऐन जारी हुदाँको वखतसम्म विजयनगर गाउँपालिकामा कार्यरत रहेका तथा विजयनगर गाउँपालिकाको स्थापना पश्चात गाउँपालिकाबाट स्थायी अस्थायी वा ज्यालादारीमा नियूक्त कर्मचारी सम्झनु पर्दछ।

(ख) समायोजन ऐन भन्नाले संघीय सरकारबाट कर्मचारी समायोजनका लागी जारी भएको कर्मचारी समायोजन ऐन २०७५ लाई सम्झनु पर्दछ।

(ग) गाउँ सभा भन्नाले विजयनगर गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

(घ) कार्यपालिका भन्नाले विजयनगर गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले विजयनगर गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

विजयनगर गाउँपालिका कार्यालय

(च) स्थानीय तह भन्नाले विजयनगर गाउँपालिकालाई सम्झनु पर्दछ।

(छ) न्युनतम शैक्षिक योग्यता भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यतालाई सम्झनु पर्दछ।

(ज) कर्मचारी व्यवस्थापन भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८५ बमोजिम स्थानीय तह विजयनगर गाउँपालिकाम स्वत समायोजन भै तह मिलान नभएको स्थायी कर्मचारीहरुलाई दफा ४ बमोजिम हुने तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप समेतलाई सम्झनु पर्दछ। हटाउने

**३. संगठन संरचना तथा कर्मचारी दरबन्दीः**

१. यस ऐन बमोजिम स्तरवृद्धि वा तह वृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा संरचनाको अध्ययन भई गाउँ सभाले स्वीकृत नगरेसम्म स्वतः पुन दरबन्दीमा कायम रहेनछन।

२ विजयनगर गाउँपालिकाको संगठन संरचना तथा कर्मचारी दरबन्दी विवरण अनुसूचि १ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**३ क स्वीकृत रित्त दरवन्दीमा नियूक्त करार कर्मचारीको अस्थायी नियूक्ति**

१ तोकिएको संगठन संरचना तथा कर्मचारी दरवन्दी अन्तर्गत रित्त दरवन्दीमा साविक स्थानीय निकायबाट निरन्तरता पाएका तथा गाउँपालिका स्थापना पछि करारमा नियूक्त कर्मचारीहरु मध्ये पाँच बर्ष अवधि पूरा गरेका तथा कार्यसम्पादन राम्रो भएका करार कर्मचारीहरुलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलव्ध गराउने गरि गाउँसभाको निर्णय अनुसार अस्थायी नियूक्ति दिन सकिनेछ ।

२ उपदफा १ बमोजिम अस्थायी नियूक्ति पाएका कर्मचारीहरुको सामाजिक सुरक्षाका लागि प्रचलित कानुन बमोजिम सामाजिम सुरक्षा कोष कट्टि वापतको रकम गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने गरि नियमानुसार उपलव्ध गराउनेछ ।

३ साविक स्थानीय निकायबाट समायोजन मिलान भई आएका तथा यस ऐन बमोजिम स्थानीय तहबाट नियूक्त स्थायी, अस्थायी तथा करार कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४ अस्थायी नियूक्तको लागि दिने निवेदन र नियूक्ति पत्रको ढाँचा अनुसूचि २ र ३ बमोजिम हुनेछ ।

५ अस्थायी नियूक्त कर्मचारीले यस ऐन बमोजिम स्थायी नियूक्तिका लागि दावि गर्न पाइने छैन ।

६ दफा ३ क बमोजिमको व्यवस्था विजयनगर गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेको संगठन संरचना तथा दरवन्दी विवरण अनुसार मात्र लागू हुनेछ ।यस सम्वन्धि संघीय तथा प्रदेश कानुनले अन्य व्यवस्था गरेमा वा खारेज गरेमा सोहि बमोजिम हुनेछ ।

विजयनगर गाउँपालिका कपिलवस्तु

**४. समायोजन तह मिलान सम्बन्धी व्यवस्थाः**

(१) स्थानीय सरकार संचालन ऐन २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरबन्दीमा स्थायी नियुक्त भएका साविकका स्थानीय निकायका कर्मचारीहरुलाई यो ऐन जारी भएको मितिबाट जेष्ठता गणना हुने गरी एक पटकका लागी मात्र देहाय बमोजिम समायोजन मिलान, स्तरवृद्धि तह मिलान तथा ग्रेड वृद्धि गर्ने र यसरी तह मिलान तथा ग्रेड वृद्धिबाट थप हुने दायित्व गाउँपालिकाबाट व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कन समेतका आधारमा गरिनेछ।

(३) उपदफा (१) बमोजिमको स्तरवृद्धि वा तह वृद्धि वा ग्रेड थप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्याङ्कनमा औषत न्युनतम ९० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ।

(४) यो ऐन जारी भएको मिति सम्म स्थायी सेवा अवधि ५ वर्ष पुरा भएको हुनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमागर्नु पर्नेछ ।

| सि.नं. | साविकको तह | हाल समायोजन तह मिलान हुने तह | थप ग्रेड | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | श्रेणी विहिन | श्रेणी विहिन | २ | |
| २. | सहायकस्तर तेस्रो | सहायकस्तर चौथो | - | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | - | न्युन्तम शैक्षिक योग्यता वा ५ वर्ष सेवा अवधि पुरा भएको |
| ४. | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठो | - | न्युन्तम शैक्षिक योग्यता वा ५ वर्ष सेवा अवधि पुरा भएको |
| ५ | अधिकृतस्तर छैठो | अधिकृतस्तर सातौ | - | न्युन्तम शैक्षिक योग्यता वा ५ वर्ष सेवा अवधि पुरा भएको |

**५. समायोजन तह मिलान, स्तरवृद्धि पत्र दिनेः** (१) यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात स्थानीय तहका ईच्छुक कर्मचारीहरुलाई यो ऐन बमोजिमको सुविधा लिन ७ दिनको सुचना जारी गरिने छ।सो सुचना बमोजिम प्राप्त निवेदनमा यस ऐन बमोजिम को प्रावधान पुरा भएको पाइएमा प्रमुख प्रशासकिय अधिकृतले समायोजन तह मिलान भएको पत्र दिनु पर्नेछ।

विजयनगर गाउँपालिका कपिलवस्तु

२ **तह मिलान गरिनेः**- यस ऐन बमोजिम समायोजन तह मिलान भए पश्चात गाउँपालिकाले संगठन संरचना र दरवन्दी पुनरावलोकन गरी गाउँसभा बाट संगठन संरचना स्वीकृत भएपछी पदस्थापना गर्ने र सो अवधी सम्म तह मिलन भएका कर्मचारीहरुलाई स्वत पुल दरवन्दीमा कायम गरिनेछ।यसरी स्तरवृद्धि भएका कर्मचारीले पुल दरवन्दीमा रहुन्जेल साविककै कामकाज गर्नुपर्नेछ।

उपदफा (२) बमोजिम दिइने पत्रको ढाँचा अनुसुची-४ बमोजिम हुनेछ।

**६. समायोजन तह मिलान भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन बमोजिम समायोजन तह मिलान भएका स्थानीय तहका कर्मचारीहरुको तलब तथा अन्य सुविधा कानुन बमोजिम हुनेछ।

**७. जेष्ठताः** (१) समायोजन तह मिलान भए पश्चात हुने पदको जेष्ठता तह मिलान भएको मितिदेखी गणना गरिनेछ।

**८. सुबिधा सम्बन्धीः** तह मिलान गर्दा साबिकमा खाई पाई आएको तलब र हालको तहमा मिलान हुदाको तलब वरावर भएमा एक ग्रेड थप गरिनेछ र हालको तह मिलान भए पछि तलब बढि भएमा जति बढि हुन आउछ सो रकम थप गरी एक ग्रेड थप हुनेछ।

**९. खारेजी र बचाउः** यो ऐन संविधान, संघिय कानुन र प्रदेश कानुन सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

विजयनगर गाँउपालिका कपिलवस्तु

## अनुसुची-१

### दफा ३ को उपदफा (२) सँग सम्बन्धीत

### संगठन संरचना तथा दरवन्दी बिवरण

### विजयनगर गाउँपालिकाको संगठन संरचना



# विजयनगर गाउँपालिका, कपिलवस्तु

## गाउँ कार्यपालिकाको कार्यालयको दरवन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | जम्मा कायम दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | १ | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | १ | |
| ५ | अधिकृत | ७/८ औं | कृषि | | १ | |
| ६ | अधिकृत | ६/७ औं | प्रशासन | सा.प्र. | ३ | |
| ७ | अधिकृत | ६/७ औं | कानून | | १ | |
| ८ | हे अ | ६/७ औं | स्वास्थ्य | हे ई | १ | |
| ९ | सूचन प्रविधि अधिकृत | ६/७ औं | विविध | | १ | |
| १० | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | १ | |
| ११ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | ९ | |
| १२ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | १ | |
| १३ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | १ | |
| १४ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | १ | |
| १५ | महिला विकास निरिक्षक | ५ औं | विविध | | १ | |
| १६ | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | २ | |
| १७ | प्रा.स. | ५ औं | कृषि/पशु | | २ | |
| १८ | सहायक | चौथो | प्रशासन | सा प्र | ५ | |
| १९ | सहायक क.अ. | चौथो | विविध | | १ | |
| २० | स. महिला विकास निरिक्षक | चौथो | विविध | | १ | |
| २१ | ना प्रा स | चौथो | कृषि/पशु | | २ | |
| २२ | खा.पा.स.टे. | चौथो/पाचौ | इन्जि. | सिभिल | १ | |
| जम्मा | | | | | ३९ | |

### वडा कार्यालय तर्फ (७ वटा वडा)

| सि नं | पद | श्रेणी/तह | सेवा | समूह | जम्मा कायम दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहायक | ४/५ औं | प्रशासन | सा.प्र. | ७ | |
| २ | अ.सवइन्जिनियर/ सव-इन्जिनियर | ४/५ औं | इन्जि. | सिभिल | ७ | |
| ३ | सहायक कम्यूटर अपरेटर | चौथो | विविध | | ७ | |
| जम्मा | | | | | २१ | |

विजयनगर गाउँपालिका कपिलवस्तु

| स्वास्थ्य चौकी | | | | | | |
|---|---|---|---|---|---|---|
| सि न | पद | तह | सेवा | समूह | प्रत्येक स्वास्थ्य चौकीको लागि | कैफियत |
| १ | अधिकृत हेअ/अहेव | ६ | स्वास्थ्य/ | हे.ई. | १ | |
| २ | अ.हे.व | ५ | स्वास्थ्य/ हे.ई. | हे.ई. | २ | |
| ३ | अ.न.मी | ४ | स्वास्थ्य/क.न. | ज न | १ | |
| ४ | अ.हे.व | ४ | स्वास्थ्य/ हे.ई. | ल्याव | १ | |
| जम्मा | | | | | ५ | |

| आधारभुत स्वास्थ्य केन्द्र | | | | | | |
|---|---|---|---|---|---|---|
| सि न | पद | तह | सेवा | समूह | प्रत्येक आधारभूत स्वास्थ्य केन्द्रको लागि | कैफियत |
| १ | अ.हे.व | ५ | स्वास्थ्य/ हे.ई. | हे.ई. | १ | |
| २ | अ.न.मी | ४ | स्वास्थ्य/क.न. | ज न | १ | |
| जम्मा | | | | | २ | |

नोट: खानेपानी सहायक, का.स. स्वीपर, ह.स.चा, डोजर अपरेटर जस्ता पदहरु गाउँपालिकाको आवश्यकता अनुसार करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ ।

विजयनगर गाउँपालिका कपिलवस्तु

अनुसुची-२

दफा ३ क को उपदफा (४) सँग सम्बन्धीत

अस्थायी नियूक्तिका लागि दिईने निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

खुरुहुरिया कपिलवस्तु ।

विषयः अस्थायी नियूक्ति पाउँ ।

प्रस्तुत विषयमा म.............................................पदमा मिति..................................... देखि करार नियूक्ति लिइ यस विजयनगर गाउँपालिका/......................... शाखा/..........नं. वडा कार्यालयमा कार्यरत श्री .......................................... करारमा कार्यरत अवधि पाँच बर्ष पूरा भइ अस्थायी नियूक्तिका लागि योग्य भएकाले विजयनगर गाउँपालिकाको कर्मचारी व्यवस्थापन ऐन २०७८ को दफा ३ क बमोजिम नियमानुसार अस्थायी नियूक्ति पाउँ भनि सादर निवेदन गर्दछु ।

निवेदक

विजयनगर गाउँपालिका कपिलवस्तु

अनुसुची-३

दफा ३ क को उपदफा (४) सँग सम्बन्धीत

अस्थायी नियूक्तिको पत्र

मितिः...............................

श्री...............................................

विजयनगर गाउँपालिका कपिलवस्तु ।

विषयः अस्थायी नियूक्ति सम्वन्धमा ।

तपाई श्री..............................................लाई विजयनगर गाउँसभाको मिति..........................र यस गाउँपालिकाको मिति........................................को निर्णय बमोजिम विजयनगर गाउँपालिका कर्मचारी व्यवस्थापन ऐन २०७८ को दफा ३ क बमोजिम सेवा सुविधा उपलव्ध हुने गरि मिति....................................देखि लागू हुने गरि साविककै पद र काम गर्ने गरि अस्थायी नियूक्ति दिइएको छ । आफ्नो जिम्मेवारी प्रचलित कानुन बमोजिम ईमान्दारी साथ पूरा गर्नुहोला ।

अस्थायी नियूक्ति हुन सफल हुनुभएकोमा हार्दिक बधाई ।

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

१..........................................

२..........................................

३..........................................

४..........................................

विजयनगर गाँउपालिका कपिलवस्तु

**अनुसूचि-४**

**दफा ४ को उपदफा (२) सँग सम्बन्धीत**

**समायोजन तह मिलान/ स्तरवृद्धि पत्र**

पत्र संख्याः-

चलानी नं. मितिः-.........................

श्री .......................................

विषयः- समायोजन तह मिलान/स्तरवृद्धि गरिएको सम्बन्धमा।

विजयनगर गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन २०७८ बमोजिम मिति ......................... देखि जेष्ठता लागु हुने गरी तपाईलाई विजयनगर गाउँपालिकाको तपशिल बमोजिमको पद तथा तहमा समायोजन तह मिलान गरिएको छ। आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापुर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ। समायोजन तह मिलान/ स्तरवृद्धि हुनु भएकोमा बधाई छ।

| **साविकको विवरणः** | **समायोजन तह मिलान/ स्तरवृद्धि पछिको विवरण** |
| --- | --- |
| पदः- | पदः- |
| तहः- | तहः- |
| सेवाः- | सेवाः- |
| समुहः- | समुहः- |

...................................

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थः-**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

श्री मुख्यमन्त्री तथा मन्त्रीपशरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवल।

श्री प्रदेश लोकसेवा आयोग, बुटवल।

श्री कर्मचारी संचय कोष, ठमेल।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर

श्री आर्थीक प्रशासन शाखा, विजयनगर गाउँपालिका, खुरुहुरिया कपिलवस्तु।

विजयनगर गाउँपालिका कपिलवस्तु